# PAPER-III
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) ____________________________
   (Name) ____________________________
2. (Signature) ____________________________
   (Name) ____________________________

OMR Sheet No. : ..............................................
(To be filled by the Candidate)

Roll No. | | | | | | | | |
(In figures as per admission card)

Roll No.____________________________________
(In words)

**D 3 4 1 2**

Time : 2 $^1/_2$ hours] [Maximum Marks : **150**

Number of Pages in this Booklet : **12**

Number of Questions in this Booklet : **75**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of seventy five multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** (A) (B) ● (D)
   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, you will render yourself liable to disqualification.
9. You have to return the test question booklet and Original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. पहले पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचहत्तर बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए उसके कवर पेज पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात् किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद OMR पत्रक की क्रम संख्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है ।
   **उदाहरण** : (A) (B) ● (D)
   जबकि (C) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर प्रश्न-पुस्तिका एवं मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं ।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई अंक काटे नहीं जाएँगे ।**

# NEPALI
# नेपाली
## PAPER – III
## प्रश्नपत्र – III

**Note :** This paper contains **seventy five (75)** objective type questions of **two (2)** marks each. **All** questions are compulsory.

**नोट :** यस प्रश्नपत्रमा **पचहत्तरवटा (75)** बहुविकल्पीय प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । सबै प्रश्न अनिवार्य छन् ।

**1.** मिसेल फुकोले भने अनुसार सङ्कथनका तीनवटा पक्षहरू कुन कुन हुन् ?
(A) भाषा, वस्तु र पाठ ।
(B) शक्ति, सत्य र चित्रण वा प्रतिनिधित्व ।
(C) वक्ता, श्रोता र वक्तव्य विषय ।
(D) भाषा, इतिहास र अभिव्यक्ति ।

**2.** शास्त्रीय मार्क्सवादी दृष्टिमा आइडियोलजी भन्नाले के बुझिन्छ ?
(A) भ्रमपूर्ण चेतना ।
(B) सैद्धान्तिक आस्था
(C) प्रचलित विचारधारा ।
(D) पुस्तकहरू पढेर पाइने ज्ञान ।

**3.** काव्यगुणलाई वाह्य, आभ्यन्तर र वैशेषिक भनिने तीन वर्गमा विभाजन गरेर यसका जम्मा बहत्तरवटा भेद रहेका देखाउने आचार्य को हुन् ?
(A) वामन ।
(B) भोज ।
(C) मम्मट ।
(D) कुन्तक ।

**4.** वर्णको कस्तो वितरणलाई मुक्त परिवर्तन भनिन्छ ?
(A) कुनै दुईवटा वर्ण पूर्ण रूपले एउटै वितरणमा आउने भएमा ।
(B) कुनै दुईवटा वर्ण पूर्ण रूपले एउटै वितरणमा नआउने भएमा ।
(C) कुनै दुईवटा वर्ण एउटै परिवेशमा कतै आउने, कतै नआउने भएमा ।
(D) कुनै एउटा वर्णको वितरण कुनै नियम विशेषभित्र बाँधिन नसक्ने भएमा ।

**5.** राघवालङ्कार नामक लक्षण ग्रन्थका रचनाकार को हुन् ?
(A) पं. सोमनाथ सिग्द्याल ।
(B) पं. वासुदेव भट्टराई ।
(C) पं. कुलचन्द्र गौतम ।
(D) पं. कोमलनाथ भट्टराई ।

**6.** सन् 1492 मा अमेरिकामा युरोपेलीहरूको प्रवेशपछि औपनिवेशिकतावादको विश्वव्यापीकरण हुँदै गयो भन्ने मत सर्वप्रथम कसले प्रकट गरेका हुन् ?
(A) एडवार्ड साइद ।
(B) जाक डेरिडा ।
(C) होमी जे. भाभा ।
(D) मिसेल फुको ।

**7.** शङ्कर लामिछाने र इन्द्रबहादुर राई प्रभृति लेखकहरूका कृतिमा पाइने आधुनिकतालाई समालोचकहरूले कस्तो आधुनिकताको संज्ञा दिएका छन् ?
(A) छद्म आधुनिकतावाद ।
(B) उत्तर आधुनिकतावाद ।
(C) अत्याधुनिकतावाद ।
(D) वैकल्पिक आधुनिकतावाद ।

**8.** "सपना मैले के देखेँ आज ? भैंसीले लघाऱ्यो,
यो मुटु काँप्छ त्यो भैंसी सम्झी, हिलामा पछाऱ्यो ।"
– 'मुना-मदन' मा यस्तो अपशकुन देख्ने को हो ?
(A) मदन । (B) मुना ।
(C) आमा । (D) नैनी ।

**9.** प्राय: तिनीहरू सानो आकारका छन्, तर खाँदिएका अनि कसेर बाटिएका तारजस्ता अनि यति शक्ति भएका हुन्छन् पहाड ओर्ल्हँदा बुढाहरू पनि बिस्तारै हिँड्नको साटो दगुरेकै प्राय: देखिन्छ ।”

– नेपालीहरूका विषयमा यस्तो वर्णन कसले गरेका हुन् ?

(A) एल.ए. वाडेल ।

(B) एल.एस.एस. ओ’म्याली ।

(C) फ्रान्सिस बी. हेमिल्टन ।

(D) ब्रायन एच. हजसन ।

**10.** “कति विद्वान्हरू सन् 1869 मा म्याकफर्लेन आएपछि मात्र यहाँ साक्षरता को भुकभुक उज्यालो सुरु भएको मान्छन्, तर यसमा पूर्ण सत्यता छैन ।” – यस धारणाअनुसार ‘पूर्ण सत्यता’ के होत ?

(A) गङ्गाप्रसाद प्रधानले त्यसभन्दा आधा शताब्दीपूर्व नै स्कुल खोलेर पाठ्य-पुस्तक समेत लेखेका थिए ।

(B) ग्रान्ट र लयडले दार्जिलिङ पुगेपछि त्यहाँ पहिलो स्कुल स्थापना गरेका थिए ।

(C) सन् 1860 भन्दा अगावै क्याम्पबेलले दार्जिलिङमा देशज नानीहरूका निम्ति स्कुल खोलिदिएका थिए ।

(D) जे.डी. हुकरले सन् 1848 मा दार्जिलिङ पुगेर त्यहाँ एउटा सानो स्कुल स्थापना गरेका थिए ।

**11.** “वसन्तकै सरी सारा बगैंचाको बहार छ ।

हावा वसन्तको भन्दा ज्यादा महकदार छ ।।”

– यो कुन ऋतुको वर्णन हो ?

(A) ग्रीष्म ।

(B) शरद् ।

(C) हेमन्त ।

(D) वर्षा ।

**12.** “विद्या कमाउन, धन कमाउन, इज्जत कमाउन अधि सर्ने पुरुषहरू सधैं बालक नै हुन्छन् । उनीहरूको उमेर कहिल्यै जाँदैन ।”

– यो कुरा कहाँ कसले भनेको हो ?

(A) काशीवास नाटकमा कमलाले ।

(B) वियोग एकाङ्कीमा रणवीरले ।

(C) मोदिआइन उपन्यासमा मोदिआइनले ।

(D) नैनीका राम मा कुमारले ।

**13.** “तपाईलाई के थाहा छ ? मलाई यो घरबाट नहुत्याईकन त्यो आँसुको भल रोर्किंदै रोकिन्न अब ।”

– यसरी ‘घरबाट नहुत्याईकन’ नहुने स्थिति आउनाको कारण के हो ?

(A) मालिक र नोकरमाझ मतभेद ।

(B) लोग्ने – स्वास्नीको झगडा ।

(C) सौतेनी डाह ।

(D) नन्द - भाउजू माझ द्वेष ।

**14.** वाक्यमा शब्दहरू माझ रहने सम्बन्धलाई के भनिन्छ ?

(A) विन्यासक्रमी सम्बन्ध ।

(B) सहचारक्रमी सम्बन्ध ।

(C) व्यतिरेकी सम्बन्ध ।

(D) परस्परव्यापि सम्बन्ध ।

**15.** भाषाविज्ञानका क्षेत्रमा रूपान्तरण व्याकरणको आगमनलाई कस्तो संज्ञा दिइएको छ ?

(A) संरचनावादको स्थापन ।

(B) मनोभाषाविज्ञानको उदय ।

(C) चम्स्केली क्रान्ति ।

(D) वर्णनात्मक भाषाविज्ञानको स्थापना ।

16. "साना साना धागाका दानाले गेडा गेडा चामल कमाउँदै
दिन दिन उध्रने उदरगर्त्तले बाएको मुख टाल्नु थियो,
तर छातीको घाउ सिउने सियोधागो उसले पाएन ।"
– यहाँ 'ऊ' को हो ?
(A) 'अन्धवेग' – को धुरारी ।
(B) 'नैनीका राम' – को कुमार ।
(C) 'चिसो चुल्हो' – को सन्ते ।
(D) 'मुकुन्द-इन्दिरा' – को रूपनारायण ।

17. "तिमी प्रतापी विश्वविजेता
वयस्क म पंछी दुर्बल
सत्य छ तर सब उल्लङ्घक है
दुर्बल बन्छ सबल ।"
– यस कवितांशमा 'तिमी' र 'म' सर्वनाम पदहरूले कुन पौराणिक आख्यानको प्रसङ्गतर्फ सङ्केत गरेको छ ?
(A) राम र सम्पातीको भेट ।
(B) नैषधीय चरितमा नल र हंस ।
(C) रावण र जटायुको युद्ध ।
(D) गरुड र काक - भुशुण्डीको भेट ।

18. "विचार गर्दा उसको न रेखा छ न रङ्ग छ ।
ब्रह्ममा विश्व झैँ खालि भ्रान्तिको त्यो तरङ्ग छ ।।"
– कवि लेखनाथले यस श्लोकमा 'उसको' भनेर कसको कुटा गरेका हुन् ?
(A) आकाश ।
(B) पानी ।
(C) कुहिरो ।
(D) हावा ।

19. बिचमा व्यञ्जन रही त्यसको अघि र पछि रहेका भिन्न स्वरहरू एउटै स्वरमा परिवर्तित हुने प्रक्रियालाई के भनिन्छ ?
(A) आदेश
(B) प्रकृतिभाव ।
(C) संलयन ।
(D) स्वरसङ्गति ।

20. निम्नलिखित नायक र तिनीहरूका प्रकृतिको सही मिलान गर्नुहोस् ।

| **समूह – 'क'** | **समूह – 'ख'** |
|---|---|
| (क) धीरोदात्त | (i) सामान्य गुणयुक्त, शान्त प्रकृतिको |
| (ख) धीरोद्धत | (ii) छल-कपट गर्ने, प्रचण्ड, अस्थिर, आफ्नो प्रशंसा गर्ने |
| (ग) धीरललित | (iii) आत्म-प्रशंसा नगर्ने, सहनशील, अत्यन्त गम्भीर |
| (घ) धीर प्रशान्त | (iv) बेफिक्री, सुकुमार, नृत्य, गीत आदि कलाप्रिय |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (ii) | (iv) | (i) | (iii) |
| (B) | (iii) | (i) | (iv) | (ii) |
| (C) | (i) | (ii) | (iv) | (iii) |
| (D) | (iii) | (ii) | (iv) | (i) |

21. "म यो मसानमा एकछिन पनि टिक्न सक्तिनँ । यो घरमा स्वास्नीमान्छको जीउँदै दागबत्ती हुँदो रहेछ ।"
– यस कथनका आधारमा 'मसान' कस्तो किसिमको नाटक हो ?
(A) भ्रान्तिनाशक नाटक ।
(B) भ्रमावृत्तिको नाटक ।
(C) भ्रमनिवृत्तिको नाटक ।
(D) भ्रमणवृतान्तको नाटक ।

22. "जिउने रोग मलाई लाग्यो, यो रोग हटाऊ
मनको रोगको औषधि के हो ? मलाई बताऊ ।"
– यहाँ 'जिउने रोग' को तात्पर्य के हो ?
(A) रोगव्याधि निर्मूलन वृत्ति ।
(B) मनोरोग हरण वृत्ति ।
(C) मरण निसर्ग वृत्ति ।
(D) जीवन निसर्ग वृत्ति ।

23. "न जाने मौरी वा मनुज कुन हो सञ्चय गुरु

गऱ्यो होला पैले मुफ्त किन यो झन्झट शुरु ।"

– यस पद्यांशमा कुन अलङ्कार रहेको छ ?

(A) सन्देह

(B) स्वभावोक्ति

(C) संकर

(D) संसृष्टि

24. उता भाग्यमानी नानी भाग्यमानी ठहरिन् । बाहिरचाहिं हँसिलो मुख लाउँदै हिड्ँदथिन् । नानी भित्रभित्रै पाकेको कोही देख्तैन थियो ।"

– यो 'भाग्यमानी नानी' को हो ?

(A) 'मसान' नाटककी दुलही ।

(B) 'यो प्रेम !' नाटकमा शेखरकी पत्नी ।

(C) 'यो प्रेम !' नाटकमा गङ्गा ।

(D) 'सहनशीला सुशीला' – की सुशीला ।

25. 'ख्याली' नामक लोकगीतलाई मगर – समाजले दिएको अर्को नाउँ के हो ?

(A) सैरेली ।

(B) कौरा ।

(C) देउडा ।

(D) रोइला ।

26. लोकवार्ता विज्ञानको प्रकार्यवादी शाखाका प्रणेता को हुन् ?

(A) मेलिनोव्स्की ।

(B) बेनफे ।

(C) एन्टी आर्ने ।

(D) स्टिथ थम्पसन ।

27. "म लोहा हुँ, तिमी चुम्बक ह्वौ, म गङ्गा हुँ, तिमी सिन्धु;

सकल विश्वका सूर्य तिमी ह्वौ, म हुँ जलकी बिन्दु ।"

– यो उद्गार कस्तो स्थितिमा कोद्वारा व्यक्त गरिएको हो ?

(A) 'मुना मदन' मा मदनको पत्नीवियोगमा नैनीद्वारा ।

(B) 'नैनीका राम' मा रामचन्द्रको स्तुतिमा नैनीद्वारा ।

(C) 'मुकुन्द इन्दिरा' मा पतिवियोगमा इन्दिराद्वारा ।

(D) 'सहनशीला सुशीला' मा माइतको सम्झनामा सुशीलाद्वारा ।

28. आफूलाई चाहिं जे गरे पनि हुने अधिकार, अर्कालाई बिराउनै नहुने कर्तव्य ! यो कहाँको न्याय हो ?"

– यस भनाइमा कुन किसिमको अभिवृत्ति रहेको छ ?

(A) सामन्ती ।

(B) उपनिवेशवादी ।

(C) लैङ्गिक पूर्वाग्रहमूलक ।

(D) नारीवादी ।

29. जान्नेहरू थांई मेरो बिन्ती लेख्दैछु कि कौनै पहिले पनि पुराणो ढाँचाकी बोली रहोस अर्थात एउटी बोलीमां अर्को बोली नमिसाइयोस कारण छासमिस पार्नाले भाषा खज्यां हुन जान्छे ।"

– यो कस्तो प्रकारको भाषा-प्रयोगको नमुना हो ?

(A) हलन्त वहिष्कारवादी ।

(B) अव्यय दीर्घवादी ।

(C) व्याकरणात्मक स्त्रीलिङ्गवादी ।

(D) झर्रोवादी ।

30. "घुम-घाम, अघी हुन्थ्यो बीचमा खालि घाम भो ।
अहिले घूमको काम, घूम-घाम तमाम भो ।।"
– यसमा प्रधानत: कुन अलङ्कार परेको छ ?
(A) अनुप्रास
(B) अर्थान्तरन्यास
(C) श्लेष
(D) सङ्कर

31. तलकामध्ये कुन चाहिँवाक्यांश माध्यमिककालीन शृङ्गारवादीहरूले समस्यापूर्तिका निम्ति लिएको समस्या हो ?
(A) मनैमा आगो छ ।
(B) मोहनी लायौ कि ।
(C) नानी कसोरी भनूँ ।
(D) कान्छीलाई गुटमार्नी ।

32. अनुसन्धानकर्ता र इतिहासविद् पूर्णप्रकाश नेपाल 'यात्री' - ले कवि मोतीराम भट्टकी 'उपास्य नायिका' हरिवदनको परिचय कुन रूपमा दिएका छन् ?
(A) मोतीरामकी प्रेयसीका रूपमा ।
(B) मोतीरामकी सहधर्मिणीका रूपमा ।
(C) काठमाडौँकी नगरबधूका रूपमा ।
(D) काल्पनिक सुन्दरी युवतीका रूपमा ।

33. "एक डल्लो माटो निलि यो पृथिवी देखायौ
हज्जारउँ द्विज अद्याउन साग खायौ ।।"
– यी पङ्क्तिमा उल्लिखित (अ) 'पृथिवी' र (आ) 'द्विज' शब्दका लक्ष्यार्थ के हुन् ?
(A) (अ) धरती (आ) विश्वामित्र ऋषि र उनका शिष्यहरू ।
(B) (अ) ब्रह्माण्ड (आ) दुर्वासा ऋषि र उनका शिष्यहरू ।
(C) (अ) जम्बुद्वीप (आ) अगस्त्यमुनि र उनका शिष्यहरू ।
(D) (अ) लङ्का (आ) हनुमान र वानरसेना ।

34. "विश्वमा महान् आश्चर्यको वस्तु ताजमहल होइन, पिरामिड होइन, महाकाश होइन; के हो भने त्यो मानिसको मन हो ।"
– यस वाक्यमा 'मानिसको मन' - लाई 'आश्चर्यकोवस्तु' मान्ने दृष्टि कुन किसिमको हो ?
(A) स्नायुतन्त्रको सक्रियताद्वारा चालित मानसिक दृष्टि ।
(B) चाक्षुष बिम्बमा देखिने स्मृतिको स्वप्न दृष्टि ।
(C) अगम्य, अखण्ड र अपरिमित आस्थाको काल्पनिक दृष्टि ।
(D) पारमार्थिक र दिव्य-आत्मसत्तालाई विस्थापित गर्ने चेतनदृष्टि ।

35. 'आज रमिता छ' उपन्यासमा लेखकले मनकडा शब्द प्रयोग गरेका छन् । यस शब्दको अर्थ के हो ?
(A) दह्रो मन ।
(B) प्रति मन ।
(C) मन अड्याउने ठाउँ ।
(D) मनको बह ।

36. "हामीलाई पुगीहाल्छ आत्मसन्तोषले सबै
जहाँ आनन्द पाइन्छ, त्यहाँ ज्ञान अनन्त छ ।"
– यो कुन किसिमको कथन हो ?
(A) सौन्दर्यवादी ।
(B) अभिव्यञ्जनावादी ।
(C) यथार्थवादी ।
(D) आनन्दवादी ।

37. 'मोदिआइन' उपन्यासमा दुर्योधनले एक्लो कृष्ण र अक्षौहिणी सेनामध्ये 'अक्षौहिणी सेना' रोजेको उल्लेख पाइन्छ । 'अक्षौहिणी सेना' भनेको के हो ?
(A) पुरुषप्रधान सेना ।
(B) विद्रोहिणी सेना ।
(C) चारवर्गमा विभाजित सेना ।
(D) नारीका पक्षमा लड्ने सेना ।

**38.** पूर्वीय काव्यशास्त्रमा नायिकाहरूका अवस्थाविशेषका आधारमा वर्गीकृत भेदहरूमध्ये 'तीन घुम्ती' – की नायिका इन्द्रमाया कुन भेदमा पर्ने नायिका हो ?

(A) अभिसारिका ।

(B) विरहोत्कण्ठिता ।

(C) प्रोषितभर्तृका ।

(D) खण्डिता ।

**39.** लोकवार्त्ताको अध्ययनमा 'आधारभूत' रूप अर्थात् 'उर-फर्म'को खोजीलाई विशेष महत्त्व दिने लोकवार्त्ता विज्ञानी को हुन् ?

(A) क्रार्ल क्रोह्न ।

(B) जुलियस क्रोह्न ।

(C) एलेन ड्यन्डेस ।

(D) भ्लादिमिर प्रप ।

**40.** ऊसित खास कुनै व्यस्तता थिएन । तर उसलाई धेरै कथाहरू कण्ठ थिए । तिनलाई पचासौँपल्ट सुनाएर दिन काट्ने गर्थ्यो । श्रोताहरूको कमी थिएन । नवीनता उत्पन्न गर्न आफ्नै तर्फबाट कथामा जोड-तोड पनि गर्थ्यो ।"

– यस्तो कथावाचक पात्र को हो ?

(A) 'मोदिआइन' उपन्यासको मिसिरजी ।

(B) 'अतृप्त' उपन्यासको चन्द्रमान ।

(C) 'अलिखित' उपन्यासको धरीछन् ।

(D) 'बसाइँ' उपन्यासको साहिँलो घर्ती ।

**41.** "एक बीस पाँचैका हरिमल्ल राजै
चार पुगी पाँचैका मवल्ली रानी
यी दुईको विवाह भयो ।"

– यस सँगिनी गीतको अंशमा भनिए अनुसार हरिमल्ल र मवल्ली को उमेरमा कतिको अन्तर थियो ?

(A) दुवै पाँच पाँच वर्षका थिए ।

(B) पन्ध्र वर्षको अन्तर थियो ।

(C) पाँच वर्षको अन्तर थियो ।

(D) बीस वर्षको अन्तर थियो ।

**42.** तँलाई मन नपरेको भए, म सत्ते पनि हडबडाउँदिन, तँलाई कर लाउन्नँ । तँ भएसम्म मलाई के छर, हजार आउँछन्, रोजेर गरौँला । हेर्, मान्छे त निकै राम्री छायो तसवीरको के कुरा अब मैले आफ्नै आँखाले देखेपछि ।"

– यी वाक्य कसले कसलाई भनेको हो ?

(A) 'अन्धवेग' नाटकमा धुरारीले जयवीरलाई ।

(B) 'यो प्रेम !' मा आमाले शेखरलाई ।

(C) 'मसान' मा कृष्णले युवतीलाई ।

(D) 'यो प्रेम !' मा सानुबाबुले शेखरलाई ।

**43.** "फेटा गुथे पनि हुने, कछाड कसे पनि हुने
पछयौरा ओढे पनि हुने, धोती बेह्रे पनि हुने
जाडोमा गलबन्दी फन्कन हुने
गर्मीमा पसिना हम्कन हुने"

– यी विशेषता कविले केमा रहेको देखाएका छन् ?

(A) आँत मिल्दो साथी ।

(B) मध्यम वर्गकी श्रीमती ।

(C) सम्मानपूर्वक ओढाइएको दोसल्ला ।

(D) युद्धमा जितिएको देशको पुरानो झण्डा ।

**44.** "बिनापेन्सिलले कागतमा लेखिएको गीत
बिनाताल्चा छातीमा साँचेर राखेको गीत
तर यी विभिन्न जातको अपची गीतले सिकार भएर
अवश्य ऊ एक दिन यस थलोमा यही अवस्थामा मर्नेछ"

– 'ऊ' भनेर यहाँ कसको कुरा गरिएको हो ?

(A) लोकगीतको अज्ञात कुनै रचयिता ।

(B) गरीब खेतीवाला ।

(C) जातीय जागरण र एकताका कविता लेख्ने कवि ।

(D) गाइने ।

45. "हाम्रो समालोचना लघु कथाजस्तो भयो, उपन्यास बन्न सकेन ।"

– कसले र कुन कृतिमा यस भनाइको उपस्थापन गरेका छन् ?

(A) 'दश गोर्खा' - मा रामकृष्ण शर्माले ।

(B) 'नेपाली उपन्यासका आधारहरू' - मा इन्द्रबहादुर राईले ।

(C) 'साझा समालोचना' - मा कृष्णचन्द्रसिंह प्रधानले ।

(D) 'नेपाली समालोचना' - मा घनश्याम उपाध्याय कँडेलले ।

46. "2017 सम्वत्का हिंउद्मा व्याकरण् पट्टि चाख् राख्नि विद्द्वान्हर्को एउ्टा गअकिलो सभा भाको कुरा नेपालि (त्रैमाँसिक) – को छैटौं पुरणाङ्कको सम्पादकियबडि बुजिञ्च ।"

– यो कुन किसिमको भाषा प्रयोगको नमुना हो ?

(A) जनजिब्रोवादी ।

(B) जिम्दो नेपालि ।

(C) हलन्तवादी ।

(D) झर्रोवादी ।

47. "हैदर् हाँस न हाँस आस अरुको मैले गऱ्या मै मरूँ" – समस्यापूर्ति गर्ने मोतीमण्डलीका कविहरू को - को हुन् ?

(A) मोतीराम, राजीवलोचन, कालीप्रसाद ।

(B) मोतीराम, गोपीनाथ, काशीनाथ ।

(C) मोतीराम, नरदेव, भोजराज ।

(D) मोतीराम, कालीप्रसाद , काशीनाथ ।

48. "मुग्लानमा ता चियाका बोटमा पनि पैसा फल्छन् रे भन्ने रूपकथा सुनेर अर्काका लहै-लहैमा लागेर पहाडखण्डका हली कोदाले नेपालीहरू हजारौंको सङ्ख्यामा मुग्लान पस्छन् ।"

– प्रस्तुत वाक्य कुन कृतिमा कुन लेखकले लेखेका हुन् ?

(A) लैनसिंह बाङ्देलले 'मुलुक बाहिर' - मा ।

(B) लीलबहादुर छेत्रीले 'ब्रह्मपुत्रका छेउछाउ' – मा ।

(C) रूपनारायण सिंहले 'भ्रमर' - मा ।

(D) लीलबहादुर छेत्रीले 'बसाईं' - मा ।

49. "गुलाब मीठो जरामा बन्छ कीराको आहार

सहरभित्र फुलेको फूल दुष्टको सिकार ।"

- 'मुनामदन' खण्डकाव्यमा यी पङ्क्तिद्वारा कविले परवर्ती कुन घटना - प्रसङ्गको पूर्वसङ्केत दिएका छन् ?

(A) बाटामा मदन बिटामी परेको ।

(B) सडकको गुन्डाले मुनाको चियो गरेको ।

(C) नैनीले मुनालाई मदनबाट विमुख पार्न र परपुरुषतर्फ आकर्षित गर्न फकाएको ।

(D) वियोग-व्यथाले ग्रस्त मुनाको मृत्युको ।

50. "वाणिज्य द्वितीय वर्ष पढ्दै गर्दा कलकत्तामै जनकले बाबु खसेको समाचार पायो ।.... दन्डी घुम्न जाने कार्यक्रम स्थगित राखेर जनक शोकित आमालाई आधार दिन दार्जिलिङ आयो ।"

– जनकका बाबुको मृत्यु-संस्कार कुन पारम्परिक विधि अनुसार गरिएको पाइन्छ ?

(A) हिन्दु ।

(B) इसाई ।

(C) बौद्ध ।

(D) किराँती ।

51. "माथि हेर्स्यो हिमचुली तल हेर्‍यो गङ्गा
माया-पिर्ति धागो थियो भाले पोथी चङ्गा
हिमालको चिसो हावा पखेटाले पेल्थे
बादलुको पास वन लुकामारी खेल्थे ।"
– यस कवितांशका रचयिता को हुन् ?
(A) लक्ष्मीप्रसाद देवकोटा ।
(B) लेखनाथ पौड्याल ।
(C) महानन्द सापकोटा ।
(D) धर्मराज थापा ।

52. कवि लेखनाथले आफ्नो 'पूर्वस्मृति' शीर्षक कविता कुन साहित्यकारको अनुरोधमा लेखेका थिए ?
(A) आनन्ददेव भट्ट ।
(B) इन्द्रबहादुर राई ।
(C) उत्तम कुँवर ।
(D) राजनारायण प्रधान ।

53. "चरणपदमा पैजनी बाहुलीमा
क्वणत् कङ्कणै किङ्किणी छन् कटीमा ।"
– यस काव्यांशमा सङ्केतित पात्रको नाम के हो ?
(A) रघुनाथ पोखरेल कृत 'सुन्दरकाण्ड' का रावण ।
(B) भानुभक्तकृत 'रामायण' – का हनुमान ।
(C) वसन्त शर्माकृत 'श्रीकृष्ण चरित्र' – का दुर्योधन ।
(D) यदुनाथ पोखरेलकृत 'कृष्णचरित्र' – का कृष्ण ।

54. "तँ काठो कन्धने ! को होस् ? कात्तिके ! म अगाडिमा जबाफ लाउने ठूलो ! टपरे, सोह्र श्राद्धको ।"
– यस भनाइमा कुन किसिमको मानसिकता अभिव्यञ्जित छ ?
(A) नाजीवादी ।
(B) साम्राज्यवादी ।
(C) सामन्तवादी ।
(D) उपनिवेशवादी ।

55. "झलामल भए दिल्ली कलकत्ताहरू सबै
अब हेरन यी हाम्रा खोसिएका पहाडमै
कस्तो गर्दा रहेछन् ती; त्यै दोर्जैलिङलाइ नै
राजधानी भएभन्दा पार्नेछन् कति सुन्दर ।"
– यो कवितांश कुन कृतिबाट लिइएको हो ?
(A) पं. दिलुसिंह राईको '56 सालको दार्जिलिङको पैह्राको सवाई' – बाट ।
(B) कृपाशाल्याण राईको 'आफै भावी' - बाट ।
(C) बालकृष्ण समको 'अमरसिंह' - बाट ।
(D) रामचन्द्र गिरी को 'समाज दर्पण' – बाट ।

56. "रामै तुल्य रमाइलो छ रमिता प्राचीनको यो वन ।
भन्दै कण्व र कश्यप प्रभृतिका हुन् सामु योगी जन ।।"
– यस कवितांशमा महाकवि देवकोटाले 'प्राचीनको यो वन' भनेर कुन वनतर्फ सङ्केत गरेका हुन् ?
(A) ऋषि विश्वामित्रले तपस्या गरेको वन ।
(B) शाकुन्तल काव्यरूपी वन ।
(C) कण्व ऋषिको आश्रम भएको ठाउँ ।
(D) ऋषि कश्यपको आश्रम भएको वन ।

57. संयुक्त क्रियापदका दुईवटा भाग कुन कुन हुन् ?
(A) मूल र सहायक ।
(B) मेरू र रञ्जक ।
(C) धातु र प्रत्यय ।
(D) आधार र सर्ग ।

58. 'आख्यात' भनेको के हो ?
(A) धातु ।
(B) प्रातिपदिक ।
(C) नाम ।
(D) क्रियापद ।

59. नेपाली भाषामा गुणस्तरका दृष्टिले जमिनलाई चार वर्गमा छुट्याउने चलन छ । ती चार वर्ग स्तरक्रम अनुसार कुन कुन हुन् ?
(A) ऐलानी, कित्ता, जिरायत, पर्ती ।
(B) अब्बल, दोयम, सिम, चहार ।
(C) धानखेत, सुक्खबारी, खासमल, खोरिया ।
(D) दसगजा, चहार, कित्ता, बेंसी ।

60. लोकसाहित्यलाई 'जातिकाव्य' र यसका विधालाई 'जातिकाव्यिक विधा' मान्ने लोकसाहित्यविद् को हुन् ?
(A) रिचार्ड बाउम्यान ।
(B) भ्लादिमिर प्रय ।
(C) हेडा ज्याक्सन ।
(D) जे.एल. अस्टिन ।

61. "पुलुक्क हेर्छ व्योममा, फरक्क घुम्छ पुच्छर
सभीत पार्श्वदृष्टिले चटक्क अड्छ चर्वण
उचाल्छ कान दीर्घ ती फरक्क फर्किईकन
चपाउँदै गरी गरी मुनाहरू बराबर ।"
– यस पद्यमा कुन छन्द परेको छ ?
(A) अनुष्टुप ।
(B) पृथ्वी ।
(C) प्रहर्षिणी ।
(D) पञ्चचामर ।

62. 'जयतु संस्कृतम्' आन्दोलन कहाँबाट प्रारम्भ भएको थियो ?
(A) काठमाडौं ।
(B) बनारस ।
(C) दार्जिलिङ ।
(D) करफोक ।

63. "आलु लसुन् प्याज मुला सिमीसरी ।
बिक्छन् यि पञ्जाब पुगेर हरघरी ।।
दश् बीस् हजार होइन लाख गैसके ।
हाम्रा विदेशी सब ज्वाईं भैसके ।।"
– यस पद्यका रचयिता को हुन् ?
(A) मित्रसेन थापा ।
(B) छविकान्त शर्मा ।
(C) बहादुरसिंह बराल ।
(D) महानन्द सापकोटा ।

64. नेपाली साहित्यको माध्यमिककालमा लोकोपयोगी र आधिकारिक ग्रन्थहरू नेपाली भाषामा अनुवाद गर्नका निम्ति विशेष योजना तयार गर्ने संस्था कुन थियो ?
(A) गोर्खा भाषा प्रकाशिनी समिति (काठमाडौं) ।
(B) गोर्खा जन पुस्तकालय (खर्साङ) ।
(C) गोर्खा ग्रन्थ प्रचार मण्डली (बम्बई) ।
(D) गोर्खा एसोसिएसन (शिलङ) ।

65. "सुक्तिसिन्धु ले मेरो कवितामाथिको प्रेम कहिल्यै ननिभ्ने गरेर उकासिदियो" भनी लेख्ने व्यक्ति को हुन् ?
(A) बालकृष्ण सम ।
(B) रामकृष्ण शर्मा ।
(C) लेखनाथ पौड्याल ।
(D) शिखरनाथ सुवेदी ।

66. "यश तपाईंको छोरा नाति जस्तो हो, यसले बुढेसकालमा तपाईंको शरीर र मनलाई पाल्दछ ।"
– यस वाक्यका वक्ता को हुन् ?
(A) 'नियति' – का रिपुमर्दन ।
(B) 'आज रमिता छ' – का जनक ।
(C) 'अतृप्त' – का चन्द्रमान ।
(D) 'शिरीषको फूल' – का सुयोगवीर ।

67. "कर्णेलले चूप लागेर बसिरहेकी दुलहीलाई मायाले उचाले, तिनले भर्खरै विचार गरेको दुःखद भावनाहरूलाई बिर्सिन् । दुलहाको उमेरलाई बिर्सेर उनले आफ्नो शरीरलाई दुलहामाथि फ्याँकिन् । कर्णेलले तिनको भार थाम्न सकेनन् र तिनी पछारिए ।"
– यस कथांशले कुन कुरातर्फ सङ्केत गर्दछ ?
(A) रोगी पुरुष र स्वस्थ स्त्री बिचको प्रेम-सम्बन्ध ।
(B) सामान्य कदको स्वस्थ पुरुष र स्थूलकाय स्त्रीका बिचको प्रणयक्रीडा ।
(C) असमान उमेरकाहरू माझ विवाह गर्ने कुप्रथा ।
(D) मध्यवयसी बलिष्ठ एवम् स्वस्थ स्त्रीपात्र र किशोर वयको साधारण पुरुष पात्र माझ प्रेमलीला ।

**68.** "हाडहरूका सुन्दर खम्बा मांसपिण्डका दीवार ।
मस्तिष्कको यो सुनको छाना, इन्द्रियहरूका द्वार ।।
नशा नदीका तरल तरङ्ग मन्दिर आफू अपार ।
कुन मन्दिरमा जान्छौ यात्री, कुन मन्दिरको द्वार ।।"

– देवकोटाको यस कवितामा बिम्बसंरचनाको आधार के हो ?

(A) वेदान्त दर्शन ।
(B) सांख्य दर्शन ।
(C) लोक वार्ता ।
(D) स्थापत्यकला ।

**69.** "हेमन्तको थियो जस्तो उस्तै _____ को छवि
दुर्लभै हुन्छ दोटाको भेद छुट्याउने कवि ।"

– माथि दिइएको लेखनाथीय कवितांशमा छोडिएको रिक्त स्थानमा तलको कुन शब्द राख्नु उपयुक्त हुन्छ ?

(A) वसन्त ।
(B) शिशिर ।
(C) ग्रीष्म ।
(D) शरद् ।

**70.** रामायणमा बालिवधको प्रसङ्गले आख्यान-सङ्घटनालाई कुन रूपमा परिभाषित गर्दछ ?

(A) एककेन्द्रवादको विसङ्घटन ।
(B) सामन्तवादी समाजतन्त्रको विघटन ।
(C) एकतन्त्रवादी राज्य व्यवस्थाको किटान ।
(D) महाकाव्यीय नायक अविजेयता स्थापन ।

**71.** कुनै कुरालाई विशेष किटेर भन्नका निम्ति नाम वा सर्वनाम शब्दका पछिल्तिर प्रयोग गरिने 'नै', 'ऐ' र 'ई' रूपलाई के भनिन्छ ?

(A) विधेयीकरण ।
(B) निर्धारण ।
(C) अवधारणा ।
(D) भेदक रूप ।

**72.** तलका वाक्यहरूमध्ये कुन सही छ ?

(A) आचार्य दण्डीप्रणित 'साहित्य प्रदीप' – का नेपाली अनुवादक पण्डित सोमनाथ सिग्द्याल हुन् ।
(B) आचार्य भामहको काव्यालङ्कार का नेपाली अनुवादक पण्डित कुलचन्द्र गौतम हुन् ।
(C) आचार्य विश्वनाथप्रणित 'साहित्य दर्पण' – का नेपाली अनुवादक पण्डित कोमलनाथ अधिकारी हुन् ।
(D) आचार्य आनन्दवर्धनप्रणित 'ध्वन्यालोक' – का नेपाली अनुवादक योगी नरहरिनाथ हुन् ।

**73.** हीरा गाइनेनीको 'माथवरसिंह थापा' शीर्षक कविताका विषयमा सर्वप्रथम जानकारी दिने कृति कुन हो ?

(A) जिरो कावाकिताकृत 'पिपल्स अव् नेपाल हिमालय' ।
(B) पद्मनाभ सापकोटा कृत 'ए सर्ट स्केच अव् दि पर्वतीया ल्याङ्वेज एन्ड लिटरेचर' ।
(C) फ्रान्सिस ह्यामिल्टनकृत 'नेपाल हिस्ट्री' ।
(D) सर हर्बर्ट एडवार्ड लिखित हेनरी लरेन्सको जीवनी ।

**74.** "कला बौद्धिकताकी दासी होइन, एउटी स्वतन्त्र गृहस्वामिनी हो ।" भन्ने धारणा कसले व्यक्त गरेका हुन् ?

(A) क्लिन्थ ब्रुक्स ।
(B) बेनेडिट्टो क्रोचे ।
(C) अस्कर वाइल्ड ।
(D) ए. सी. ब्राड्ली ।

**75.** "कुनै वस्तुलाई जान्नुको अर्थ त्यसबाट प्रभावित हुनु हो" भन्ने प्रसिद्ध धारणा कसले व्यक्त गरेका हुन् ?

(A) बेनेडिट्टो क्रोचे ।
(B) टि. एस. इलियट ।
(C) सिग्मण्ड फ्रायड ।
(D) आई. ए. रिचर्ड्स ।

**Space For Rough Work**